# Breaking the Barriers: Safeguarding the Rights of Girl Infants

*Policy Brief 23, February 2017*

## *छोराले परिवारमा खुशी ल्याउँछ* : थोरै नवजात शिशुको आमाहरु र परिवारका सदस्यहरु छोरी जन्मिदा खुशी हुन्छन् ।

## *Sons bring family's happiness*: Few mothers of the newborns and their family members rejoiced when a daughter was born

### पृष्ठभुमि

धेरैजसो दक्षिण एसियाली देशहरुमा जस्तै नेपालीहरुको सामाजिक र आर्थिक जीवनमा पनि पितृसतात्मक सोचहरुले भित्रैदेखि जरा गाडेका कारण संस्थागत तथा संरचनात्मक रुपमा लैङ्गिक विभेदपूर्ण विचार र सामाजिक मुल्य मान्यताहरु कायम रहेको हुनाले महिलाहरुको समग्र विकासलाई सिमित बनाएको छ । नेपालको महिला तथा पुरुष समकक्षी बीच रहेको असमान शक्ति सन्तुलनका कारणले महिलाहरुले आफ्नो आकांक्षाहरु परिपूर्ति गर्नका लागि ठूलो लैङ्गिक विभेदको सामना गर्नु परिरहेको छ ।

नेपालको बालबालिका सम्बन्धि ऐन (१९९२) र त्यस अन्तर्गतको विनियहरु (१९९५), बालबालिका सम्बन्धि ऐन (२०११) ले छोरा र छोरी बिचमा कुनै पनि किसिमको भेदभाव लाई अस्विकार गरेको छ, साथै सवै कानुनी व्यवस्था र प्रतिबद्धताको बावजुद गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरि गर्भपतन गर्ने अभ्यासहरु र बालिका शिशुमाथि हुने भेदभावको प्रचलन वृद्धि भइरहेको छ । अझैपनि कतिपय स्थानिय अधिकारी, सरकारी निकाय र नागरिक समाजहरु, गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरि गरिने गर्भपतन र बालिका शिशुमाथि हुने भेदभावको मुद्दाहरु सम्बोधन गर्ने खालका कुनै पनि प्रभावकारी भुमिका पहल गर्न असफल हुनुका साथै दुविधामा रहेका छन् ।

महिलाले गर्भावस्था र सुत्केरी अवस्थामा उसको श्रीमान, सासु ससुरा र समाजबाट इच्छाएको बच्चा (विशेष गरि छोरा) जन्माउनको लागि कुन हदसम्म मानसिक तनाव तथा दवाव भोगिरेहका छन् भन्ने विषयमा जानकारी कम देखिन्छ । यस किसिमको दवाबले अनिच्छित शिशु जन्मिएको खण्डमा ती महिलाहरुको आत्मसम्मान, गर्भ र नवशिशुमा एकदमै नकारात्मक प्रभाव पार्ने गरेको देखिन्छ । यो संक्षिप्त नितिगत आधारपत्र Policy Brief, European Commission को आर्थिक सहयोगमा "*Breaking the Barriers: Safeguarding the Rights of Girl Infants"(2015-2018)* नामक एक बृहत परियोजना अन्तर्गत कृपाद्वारा गरिएको एउटा *Panel Survey* को longitudinal अध्ययनमा मा आधारित छ । यस परियोजना Child Worker in Nepal (CWIN) को नेतृत्वमा World Vision Advocacy Forum (WVAF) र CREHPA को सहकार्यमा संचालन भएको हो । यो परियोजनाको लक्ष्य नागरिक समाजको क्षमता अभिवृद्धि, सहकार्य तथा समुदायस्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरि नेपालमा शिशु बालिकाहरुमाथि हुने निकृष्ट प्रकृतिको भेदभावपूर्ण व्यवहार र भ्रुणको लिङ्गको पहिचान गरि छोरी भएमा गर्भपतन गर्ने कार्यलाई न्युनिकरण गर्नु रहेको छ । यो सहकार्य अन्तर्गत हाल विद्यमान शिशु बालिकाहरुमाथि हुने भेदभावपूर्ण मुल्य मान्यता तथा व्यवहारहरुको बारेमा अध्ययन अनुसन्धान गरि त्यसको आधारमा कार्यक्रमको रणनिति र व्यवहार तथा धारणा परिवर्तनका सूचकहरु निर्माण गर्ने दायित्व कृपाको रहेको छ ।

यो अध्ययन्को मुख्य उद्देश्य गर्भावस्थामा र सुत्केरी अवस्थाको समयमा अवलम्बन गरिने लैङ्गिक विभेदमुलक धारणा, मुल्य मान्यताको कारणबाट आमा र शिशु बालिकाहरुको स्वास्थ्य तथा वृद्धि विकासमा परेको प्रभाव र नकरात्मक असरहरुको बारेमा खोजी गर्नु रहेको थियो । यो Policy Brief हालको गर्भबाट छोरा वा छोरी जन्मिदा श्रीमान्, सासु ससुरा र महिला आफै बिचको प्रतिक्रियाहरुलाई तुलना गरिएको छ । साथै नवशिशुको लिङ्गको आधारमा शिशुको आमालाई उसको श्रीमान् तथा सासु ससुराबाट हुने गरेको विभेदपुर्ण व्यवहार तथा धारणालाई पनि समावेश गरिएको छ ।

### अध्ययन विधि

यो अध्ययन नेपालका ६ वटा जिल्लाहरु (कञ्चनपुर, सुर्खेत, रुपन्देही, कास्की, भक्तपुर र चितवन) मा गरिएको थियो, जुन "*Breaking the Barriers: Safeguarding the Rights of Girl Infants*" नामक परियोजनाको कार्य क्षेत्र हो । जसमा longitudinal study design प्रयोग गरि ६ वटा जिल्लाहरुमा अवस्थित १० वटा सरकारी स्वास्थ्य संस्थाहरु (३ अस्पताल, ३ प्राथमिक स्वास्थ्य केन्द्र र ४ स्वास्थ्य चौकी) मा नियमित गर्भवती जाँचका लागि आउने महिलाहरुसँग चौथो चरण सम्म तालिम प्राप्त महिला अनुसन्धानकर्ताद्वारा अन्तरवार्ता गरिएको थियो । सुविधायुक्त नमुना छनौट विधिद्वारा नियमित गर्भ जाँच गर्न आउने ३६० जना चार देखि छ महिनाको गर्भ अवधि भएका महिलाहरुलाई पहिलो चरणमा, ३४९ जना महिलाहरु (८-९ महिनाको गर्भावस्था) सँग दोस्रो चरणमा, तेस्रो चरणमा ३४९ मध्ये ३४२ जना सुत्केरी भएको १ हप्ता पछि र चौथो चरणमा ३३९ जना महिलाहरु सुत्केरी भएको छ हप्तापछि स्वास्थ्य संस्थामा आएका महिलाहरुलाई अन्तरवार्ता गरिएको थियो ।

यस अध्ययनलाई नेपाल स्वास्थ्य अनुसधान परिषद् काठमाण्डौले समिक्षा गरि अध्ययन गर्नका लागि स्विकृति प्रदान गरेको थियो । यस अध्ययनमा सहभागीहरु सबै र स्वास्थ्य सेवा प्रदायकसंग लिखित र मौखिक सुसूचित सहमति फाराम भरि अनुसन्धान शुरु गरिएको थियो, जसमा उत्तरदातालाई अनुसन्धानको उद्देश्य, अनुसन्धानको प्रकृति र अनुसन्धानका सहभागीहरुको अधिकारको बारेमा पुर्ण रुपमा जानकारी दिइएको थियो ।

### चार्ट १: पहिलो चरणको अन्तवार्तामा समेटिएका महिलाहरुको संख्या र प्रत्येक चरणमा सफल भएका फलो-अप अन्तरवार्ताहरु




## KEY RESULTS

तेस्रो चरणमा समावेश भएका ३४२ गर्भवती महिलाहरु मध्ये, १९१ महिलाहरु (५६%) ले शिशु बालकलाई जन्म दिए भने बाँकी १५१ माहिलाहरु (४४%) ले शिशु बालिकालाई जन्म दिएका थिए। प्रति १०० शिशु बालिकाको लिङ्गको अनुपातमा १२६ शिशु बालक जन्मेका थिए।

चित्र २ अनुसार स्पष्ट रुपमा, ७० प्रतिशत भन्दा बढी सासु ससुराहरु छोरा जन्मदा एकदमै खुशी भएका थिए भने ७८ प्रतिशत श्रीमान् र लगभग बराबर शिशुको आमा ७७% एकदमै खुशी भएका थिए भने तुलनात्मक रुपमा, ४६ र ५८ प्रतिशत ति परिवारका सदस्यहरु छोरी जन्मदा एकदमै खुशी भएका थिए।

### चार्ट २: छोरा वा छोरी जन्मदा शिशुको आमा, उनको श्रीमान् तथा सासु ससुराले व्यक्त गर्ने खुशी




> *"छोराको जन्मले परिवारमा खुसियाली ल्याउँछ।"*

पहिलो पटक बच्चा जन्माउने महिलाहरुमा छोरीको चाहना एकदमै कम रहेको देखिएको छ जसमध्ये बच्चा नभएको महिला (११%) त्यसमा पनि छोरी नभएको (१%) रहेका छन् त्यस्तै, एउटा मात्र छोरी भएको (३%), दुई वा सो भन्दा बढि छोरीहरु भएकोमा शुन्य र कम्तीमा एउटा छोरा वा एउटा छोरी भएको (८%) मा छोरीको चाहना एकदमै कम रहेको पाइयो। (EC/CREHPA Policy Brief 22, 2016)।

## लैङ्गिक आधारमा परिवारमा नवशिशुको स्वागत उत्सवमा भिन्नता

पाँच घरधुरी मध्ये चार घरधुरी अर्थात ८०% परिवारका सदस्यहरुले छोरा जन्मेको अवसरमा मिठाईहरु बाँड्ने गरेको, दुई तिहाइ ६७% परिवारले खुसियाली मनाउनको लागि समारोह आयोजना गरि खुसि आदानप्रदान गर्ने गरेका र ६३% परिवारले छोरा जन्मेको अवसरमा बधाई प्राप्त गरेका थिए। (चार्ट ३)।

### चार्ट ३: छोरा वा छोरी जन्मँदा मनाइने उत्सवमा गरिने भिन्नताहरु




## शिशुको लैङ्गिक आधारमा न्वारन (नामाकरण) उत्सवको प्रकृति

हिन्दु धर्म अनुसार बच्चा जन्मेको ११ औं दिनमा न्वारन (बच्चाको नामाकरण) गर्ने परम्परा रहेको छ । यो बेलामा बच्चालाई उसको जन्म तिथि (जन्मकुण्डली) को आधारमा नामाकरण गरिन्छ। यो बेलामा दिईएको नामाकरण साधारणतया प्रयोगमा ल्याइदैन। यो दिनमा पण्डितलाई घरमा बोलाएर न्वारन गरि आमा र शिशुलाई चोख्याउने प्रचलन पनि रहेको छ। यो अध्ययनमा नवशिशुका आमाहरुलाई न्वारन कसरी गर्ने योजना गर्नु भएको छ भन्ने बारेमा सोधिएको प्रश्नमा छोरा जन्माउनेहरुमध्ये आधा भन्दा बढी (६८%) ले भव्य रुपमा न्वारन मनाएको उल्लेख गरेका थिए भने छोरी जन्माउनेहरु मध्ये एक तिहाइ भन्दा बढी (३२%) ले मात्र भव्य रुपमा न्वारन मनाएको उल्लेख गरेका थिए। यस विपरीत, ४७% छोरा जन्माउने र ५३% छोरी जन्माउने आमाहरुले न्वारन गर्दा कुनै विशेष कार्य नगरेको बताए (चार्ट ४)।

### चार्ट ४: शिशुको न्वारन (नामाकरण) उत्सवको प्रकृति




## शिशु जन्मदा परिवारका सदस्यहरुले गरेको व्यवहार

### *श्रीमान्को व्यवहार*

> *"श्रीमान्ले गर्ने सहयोग र हेरचाह छोराको जन्मसँग अन्तरसम्बन्धित छ।"*

शिशु जन्माउने आमाहरुलाई छोरा वा छोरी जन्माउँदा श्रीमान्ले कस्तो व्यवहार गरेका

थिए भन्ने बारेमा सोधिएको प्रश्नमा छोरा जन्माउने बहुसंख्यक आमाहरुले श्रीमान्ले पोषणयुक्त खानेकुरा खान दिएको (५७%), आराम गर्न प्रोत्साहित गरेको (५७%), घरायसी काममा सहयोग गरेको (६२%) र आफ्नो तथा शिशुको हेरचाह (६०%) गर्न भनेको बताएका थिए । यसको तुलनामा छोरी जन्माउने आमाहरुमध्ये ४४% भन्दा कमले मात्र श्रीमान्ले यस्ता प्रकारका हेरचाहहरु गरेको बताएका थिए ।

### तालिका १: शिशु जन्मदा श्रीमान्ले गरेको व्यवहार

| श्रीमान्को व्यवहार | छोरा | छोरी | संख्या |
|---|---|---|---|
| पोषणयुक्त खानेकुरा दिएको | ५६.६ | ४३.४ | २८८ |
| पर्याप्त रुपमा आराम गर्न दिएको/प्रोत्साहित गरेको | ५७.३ | ४२.७ | २८१ |
| फोनद्वारा शिशु र आफ्नो स्वास्थ्यको हेरचाह गर्न भनेको | ६०.० | ४०.० | २० |
| घरायसी काममा सहयोग गरेको | ६१.९ | ३८.१ | २१ |

### *सासु-ससुराको व्यवहार*

हाल शिशु जन्माउने आमाहरुलाई छोरा वा छोरी जन्माएपछि सासु ससुराले कस्तो व्यवहार गरेका थिए भन्ने बारेमा सोधिएको प्रश्नमा छोरा जन्माउने अधिकांश आमाहरुले सासु ससुराले घरायसी काममा राम्रो सहयोग गरेको (६०%), शिशुको राम्रो हेरचाह गरेको (५८%) भनेर बताएका थिए भने छोरी जन्माउने मध्ये आधा भन्दा कम आमाहरुलाई आराम गर्न प्रोत्साहित गरेको (४३%), शिशुको राम्रो हेरचाह गरेको (४२%), घरायसी काममा सहयोग गरेको (४०%) र आफु प्रति राम्रो व्यवहार गरेको (३७%) भनेर उल्लेख गरेका थिए (तालिका २) ।

### तालिका २: शिशु जन्मदा सासु-ससुराले गरेको व्यवहार

| सासु-ससुराको व्यवहार | छोरा | छोरी | संख्या |
|---|---|---|---|
| पोषणयुक्त खानेकुरा दिएको | ५५.० | ४५.० | ३०० |
| पर्याप्त रुपमा आराम गर्न दिएको/प्रोत्साहित गरेको | ५६.७ | ४३.३ | २९१ |
| पोषणयुक्त खानेकुरा दिन वास्ता नगरेको | ५०.० | ५०.० | २ |
| सबैजना खुशी भएको | ६०.० | ४०.० | ५ |
| परिवारको अन्य सदस्यहरु नभएको | ५५.६ | ४४.४ | ९ |
| हेरचाह गरेको र बच्चासँग खेलेको | ५७.९ | ४२.१ | १९ |
| घरायसी काममा सहयोग गरेको | ६०.० | ४०.० | ५ |
| राम्रो व्यवहार गरेको | ६२.५ | ३७.५ | ८ |
| उपयुक्त नभएको | १००.० | ० | २ |

## शिशुको लिङ्गको आधारमा स्तनपान गराउने महिलालाई दिईने विशेष खानामा भिन्नता

### *आमाको उपभोग्य खानाको प्रकारमा भिन्नता*

*"छोरा जन्माउने आमाहरुको दाँजोमा छोरी जन्माउने आमाहरुलाई कम पोषणयुक्त खानेकुरा दिइने ।"*

छोरा जन्माउने आमाहरु मध्ये आधा भन्दा बढी आमाहरुलाई मासु तथा मासुबाट बनेका परिकार (५९%), सुत्केरी अवस्थामा दिईने विशेष खाना जस्तै ज्वानोको झोल, सुत्केरी औषधि र घरमा बनाईने अन्य सामान्य खानेकुरा (५७%), दुध र दुधबाट बनेका परिकारहरु (५६%) उपभोग गरेका थिए भने अर्कोतर्फ छोरी जन्माउने महिलाहरुमध्ये ४१% महिलाहरुले मात्र मासु तथा मासुले बनेका परिकार, ४२% महिलाले सुत्केरी अवस्थामा दिइने विशेष खाना जस्तै ज्वानोको झोल र सुत्केरी औषधि तथा ४४% महिलाहरुले दुध र दुधबाट बनेका परिकार उपभोग गरेको पाईएको छ ।

### तालिका ३: सुत्केरी महिलालाई दिईने खानाको प्रकार

| खानाको प्रकार | छोरा | छोरी | संख्या |
|---|---|---|---|
| मासु र मासुबाट बनेको परिकार | ५९.० | ४१.० | ३९ |
| सुत्केरी अवस्थामा दिईने विशेष खाना | ५७.० | ४३.० | ४८ |
| दुध र दुधबाट बनेको परिकार | ५६.० | ४४.० | ३७ |
| घरमा बनाईने सामान्य खानेकुरा | ५७.० | ४२.० | ८४ |

### *सुत्केरी भएपछि पहिलो पटक आउने दुधको सेवन तथा स्तनपान गराउने पटक*

*"नवशिशु छोरा वा छोरी जे भए तापनि सुत्केरी भएपछि पहिलो पटक आउने दुध सेवन गराउने ।"*

छोरा वा छोरी जे भए तापनि प्रायः सबैजसो नव शिशुहरुलाई सुत्केरी भएपछि पहिलो पटक आउने दुध सेवन गराउने पाईएको छ ।
शिशुलाई २४ घण्टामा ८-१२ पटक स्तनपान गराउनुलाई सामान्य रुपमा लिईन्छ (http://www.babies.sutterhealth.org/breastfeeding/bf_frequency.html) । आधाभन्दा बढी छोरा जन्माउने आमाहरु (६६%) ले शिशुलाई सामन्य भन्दा बढी स्तनपान गराएको पाईएको छ भने यसको दाँजोमा एक तिहाई भन्दा बढी छोरी जन्माउने आमाहरु (७४%) ले शिशुलाई सामान्य भन्दा कम स्तनपान गराएको बताएका छन् । त्यस्तै गरि सामन्य भन्दा बढी स्तनपान गराउने मध्ये एक तिहाई छोरी जन्माउने आमाहरु थिए ।

### चार्ट ५: स्तनपान गराउने पटक




### *शिशुको लिङ्गको आधारमा चाँडै पूरक आहार परिपुर्ति गर्ने अभ्यासहरु*

*"बालिका शिशुहरुमा स्तनपान गराउने अभ्यासहरु निकै कम देखिएको ।"*

तुलनात्मक रुपमा सुत्केरी अवस्थाको अवधिमा नवजात शिशु बालिकालाई स्तनपान गराउने अभ्यास कम भएको पाइयो । बालिकालाई छिट्टै नै प्रारम्भिक आहारको परिपुर्ति गराउने अभ्यास देखियो । छोराको (४०%) दाँजोमा आधा

भन्दा बढी अर्थात ६०% छोरीलाई गाईको दुध खुवाउन छिटो शुरु गरिएको पाईयो । छोरीहरुलाई चाँडै नै स्तनपानको सट्टा सेरेल्याक (बजारबाट खरिद गरिएको आहार) र लिटा आदि खुवाउने गरेको पाइयो (चार्ट ६) ।

चार्ट ६: सुत्केरी अवस्थामा शिशु बालक र बालिकालाई गराउने स्तनपान र अतिरिक्त आहारमा भिन्नता




### *हिंसाको जोखिम*

यस अध्ययनमा उत्तरदाताहरुद्धारा शारिरीक हिंसा नभएको बताए तापनि छोरा जन्माउने महिलाहरु (११%) को दाँजोमा छोरी जन्माउने महिलाहरुले एकदमै धरै (८९%) भावानात्मक हिंसा भोग्नु परेको पाईयो ।

## निश्कर्ष र सुझाव

जन्ममा देखिएको लैङ्गिक अनुपातको असमानुपातिकता (१०० जना महिला बराबर १२६ जना पुरुषहरु) लिङ्गको पहिचान गरी गरिने गर्भपतन (जन्म पुर्व गरिने भ्रुणको लिङ्ग पहिचान र गर्भपतन) तर्फ संकेत गर्छ, जुन नेपालमा असामान्य छैन (CREHPA 2015) भिडियो एक्स-रेको आधारमा भ्रुणको लिङ्ग पहिचान गरि छोरा भएमा दम्पत्तिले स्वास्थ्य संस्थामा गई सुत्केरी गराउने उच्च सम्भावना हो । अध्ययनमा सहभागी मध्ये आधा भन्दा बढी उत्तरदाताले डाक्टरको सल्लाह अनुसार गर्भअवस्थाको १६-२४ हप्तामा भिडीयो एक्स-रे गराएको पाईयो भने जस मध्य १७ प्रतिशतले भ्रुणको लिङ्गको बारेमा बताएको पाईयो (EC/CREHPA, 2016)

अध्ययनको नतिजालाई हेर्दा छोरी जन्मदा तुलनात्मक रुपमा परिवारका सदस्यहरु र महिला स्वयं पनि कम खुशी हुने गरेको पाईयो । छोरीको जन्मको खबरले महिलाको श्रीमान्को तुलनामा उनको (सासु ससुरा) खुशि नभएको पाइयो । छोरा जन्मदा परिवारले मनाउने उत्सव तथा बाँडिने मिठाईहरु छोरालाई दिईने महत्वका प्रमाणहरु हुन् । पहिलेका अध्ययनहरुमा जस्तै यस अध्ययनमा पनि छोरीमाथि गरिने लैङ्गिक विभेदपुर्ण व्यवहार कायम रहेको र कमै मात्रामा न्वारन लगायतका उत्सवहरु मनाउने गरेको देखिएको छ (Willis J. et al) ।

लैङ्गिकताका विषयमा केन्द्रित भएर गरिएको विभिन्न अध्ययनहरुले विश्वका अन्य देशहरुमा भन्दा नेपालमा छोरालाई प्राथमिकता दिने प्रचलन बढी रहेको देखाएको छ (CREHPA, 2007; Puri, M and Tamang A., 2015) । भारतमा गरिएको एक अध्ययनले पनि बालिका शिशु हेरचाहमा गरिने विभेदपुर्ण व्यवहारलाई दर्शाइएको छ (Willis J. et al)।

त्यस्ता विभेदलाई सम्बोधन गर्नका लागि स्थानिय निकाय, नीति निर्माता, समुदायस्तरका संघ संस्थाहरु, नागरीक समाज र समुदाय बिचमा समन्वय र संयुक्त प्रयासको आवश्यकता रहेको देखिन्छ । महिला विरुद्ध हुने हिंसा कम गर्न र बालिका शिशुको अधिकारको सुनिश्चितताको लागि बृहत रुपमा कार्य गर्नुपर्ने देखिन्छ (Nanda et. al., 2012; Puri, M. et. al 2010)। त्यसबाहेक लैङ्गिक समानता र बालिका शिशुको अधिकारको बारेमा व्यापक जनचेतना जगाउने, बालिका शिशुको सशक्तिकरणका लागि नीति तथा कार्यक्रमहरु बनाउने साथै लैङ्गिक समानताको सुनिश्चितताको लागि बालिकाहरुको लागि शैक्षिक छात्रवृत्ति, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, उच्च शिक्षा पुरा गरिसकेपछी उनीहरुलाई आर्थिक अवसरको व्यवस्था र लिङ्ग पहिचान गरि गरिने गर्भपतन, बाल विवाह, जवरजस्ती गरिने विवाह र दाईजो प्रथा लगायतका महिलामाथि हुने हिंसाको अन्त्य गर्नुपर्दछ ।

---


## कृतज्ञता

अध्ययनका लागि आर्थिक सहयोग पुऱ्याउने European Commission र अध्ययनका विभिन्न चरणमा सहयोग पुऱ्याउनु हुने CWIN, ICDI र WVAF प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । यस अध्ययनलाई नीतिगत रुपमा स्विकृति (Ethical approval) प्रदान गरेकोमा नेपाल स्वास्थ्य अनुसधान परिषद् प्रति पनि आभारी छौ । यसका साथै विशेष गरि यस अध्ययनमा संलग्न सहभागी महिलाहरुप्रति पनि हृदयाबाट नै आभार प्रकट गर्दछौं ।


## References


CREHPA (2007). *Sex Selection: Pervasiveness and Preparedness in Nepal.* Center for Research on Environment Health and Population Activities: Kathmandu, Nepal.

EC/CREHPA (2016). Breaking the Barriers: Safeguarding the Rights of Girl Infants; The next child has to be a son: Exploring the extent of pressure women face during pregnancy to ensure the birth of a child of desired sex, *Policy Brief 22*, 2016.

Nanda P, Gautam A, Verma R, Hong KT, **Puri M**, Linh TG, Tamang J, and Lamichhane P (2012). "Study on Gender, Masculinity and Son Preference in Nepal and Vietnam". New Delhi, International Center for Research on Women: Available from http://www.unfpa.org/webdav/site/vietnam/shared/Masculinity_Report_Nepal_VietNam_ENG.pdf

Puri, M. and A. Tamang. (2015). *Understanding factors influencing adverse sex ratios at birth and exploring what works to achieve balance: The situation in selected districts of Nepal.* Kathmandu, Nepal: CREHPA. Available from http://www.popcouncil.org/uploads/pdfs/2015PGY_SexSelectionNepalReport.pdf

Puri, M, Shah, I, and Tamang, J. (2010). Exploring the nature and reasons associated with sexual violence within marriage among young women in Nepal. *Journal of Interpersonal Violence, 25(10)*: 1873-92.

Willis, J., Kumar, V., Mohanty, S., Singh, P., Singh, V., Baqui, A., Darmstadt, G. (2009). Gender Differences in Perception and Care-seeking for Illness of Newborns in Rural Uttar Pradesh, India. *Journal of Health, Population and Nutrition, 27*(1), 62-71. Retrieved from http://www.jstor.org/stable/23499737



For more information contact: **Center for Research on Environment Health and Population Activities (CREHPA),** Kusunti-13, Lalitpur, Phone: 5193017, 5193087, Email: crehpa@crehpa.org.np, Web site: www.crehpa.org.np